प्रदेश सरकार

☎ ०७५-५२०१४५

प्रदेश न. ५

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय


# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा

मिति : २०७६/६/१५

च.नं. : २०५

प.सं. : २०७६/०७७

**विषय : सूचना टांस गरि दिनु हुन ।**

श्री पाल्पा र गुल्मी जिल्लाका सवै स्थानिय तहहरु ,

प्रस्तुत विषयमा यस केन्द्रको आ.व. ०७६/७७ का लागि संचालन हुने पशुपंक्षी विकास कार्यक्रम संचालन कार्य विधी २०७६ र कृषि तथा पशुपंक्षी संवन्धि अभियान मुखी ( मिसन )कार्यक्रम संचालन कार्यविधी २०७६ वमोजिम सहकार्यमा संचालन गर्नको लागि प्रस्ताव आव्हानको सूचना प्रस्तावनाको नमुना र आवश्यक अनुसूचि यसै पत्र साथ पठाईएको छ। उक्त सूचना टांस गरि जानकारी दिनु हुन अनुरोध छ।

डा. चन्द्र वहादुर राना

वरिष्ठ पशु विकास अधिकृत

प्रमुख

प्रदेश सरकार

प्रदेश नं. ५

भुमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपंछी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा

☎ ०७५-५२०१४५

## प्रस्ताव आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७६/९/ १५**

यस विज्ञ केन्द्र आ.व. ०७५/०७६ को प्रदेश सरकार ,प्रदेश नं ५ भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालयवाट प्राप्त वार्षिक विकास कार्यक्रम अर्न्तगत तपशिलका पशु सेवा कार्यक्रम संचालन कार्यविधी २०७६ वमोजिम सहकार्यमा संचालन गर्न इच्छुक पाल्पा र गुल्मी जिल्ला अर्न्तगतका सवै स्थानिय तहमा वसोवास गर्ने व्यवसायिक फार्म, कम्पनी ,निजी उद्यमी , समुह,समिति र कृषि तथा दुग्ध उत्पादक सहकारीका लागि प्रथम पटक मिति २०७६/८/२४ गते सूचना प्रकाशन गरिएकोमा तपशिलका कार्यक्रममा प्रस्तावना माग अनुसार अनुसार नपरेको हुदा यो सूचना प्रकाशित मितिले ७ दिन भित्रमा पुनः प्रस्तावना पेश गर्न आव्हान गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावनाहरुलाई छनौटमा समावेश गराइने छैन ।

**प्रस्तावनामा माग गरिएका कार्यक्रमहरु :**

| क्र सं. | कार्यक्रमको नाम | संख्या | सहकार्य कूल रकम | लागत सहभागिता | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|
| **क.** | **कृषि तथा पशुपंक्षी उद्योग,यन्त्र तथा पूर्वाधार विकास** | | | | |
| | मासु तथा डेरि पसल सुधार सहयोग | १२ | २४००००० /- | ५० % | दैनिक मासु २५ के.जी.र दुध २०० लि. |
| | छुर्पी तथा चिज उद्योग स्थापना सहयोग | १ | १५००००० /- | ५० % | दैनिक २००० लि परिकार । |
| | स्थानिय तहको सहकार्यमा एकिकृत फार्म स्थापना | २ | ४०००००० /- | ५० % | कम्तीमा २ पशुपालन व्यवसाय गरेको |
| | च्यापकटर मेशिन सहयोग कार्यक्रम | १० | ५००००० /- | ५० % | निजी व्यवसायिक फार्ममा ५ भन्दा माथि दुधालु पशु भएको |
| **ख.** | **कृषि तथा पशुपंक्षी श्रोत तथा प्रविधी सेवा टेवा विस्तार** | | | | |
| | घांसेवाली श्रोत केन्द्र स्थापना | २ | २०००००० /- | ५० % | कम्तीमा १० रोपनी क्षेत्रफल |
| | घांस तथा दाना उत्पादनकोलागि (मकै भट्टमास उत्पादन) कोषे अकोषे घांस खेती तथा साइलोपिट निर्माण | २ | २०००००० /- | ५० % | दाना उत्पादनको लागि कृषकको १० रोपनी र फार्मको ८० रोपनी र दाना तथा साइलेज उत्पादन सहकारीकोलागि १५० रोपनी क्षेत्रफल |
| **ग.** | **कृषि उत्पादन खाद्य पोषण सुरक्षा** | | | | |
| | पोषण सुधारका लागि सुगुर/वंगुर | २ | १०००००० /- | २० % | समुह सहकारी र समिति |
| | पोषण सुधारका लागि स्थानिय कुखुरापालन | ५ | २५००००० /- | २० % | समुह सहकारी र समिति |

**प्रस्ताव पेश गर्नका लागि आवश्यक जानकारी तथा प्रस्तावका साथ पेश गर्नु पर्ने विवरण तथा कागजातहरु** :क.संचालकले अनुदानको लागि **अनुसूचि २ अनुसार निवेदन** ,**अनुसूचि ३ अनुसारका संलग्न कागजातहरु** र **अनुसूचि ४ अनुसार प्रस्तावनाको व्यवसायिक विस्तृत कार्ययोजना ( आर्थिक तथा प्राविधीक प्रस्ताव)** पेश गर्नु पर्ने छ ।

ख. पोषण सुधार कार्यक्रम संचालनको आ.व. ०७५।७६ मा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम लागु भएका स्थानिय तहका समुह,समिति र सहकारीहरुले मात्र प्रस्तावना पेश गर्न सक्नेछन् ।

**प्रस्ताव पेश गर्ने स्थान :भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ,पाल्पा र सम्पर्क केन्द्र गुल्मी । फोनं. ०७५५२०१४५, ९८५७०६०८३६ ,०७९५२०२२७, ९८६७१४९१५२, ९८४७०५७५९८** वा वेभ साइड :- **www.vethospalpa.gov.np**

**प्रमुख**

प्रदेश सरकार
प्रदेश नं. ५
भुमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा**

☎ ०७५-५२०१४५

प्रथम पटक प्रकाशित मिति २०७६/९/१५ गते

यस विज्ञ केन्द्रको आ.व.२०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नुपर्ने वाख्रा मिसन कार्यक्रम कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम शर्तहरु पालना गरि लागत साझेदारीमा कार्य गर्न ईच्छुक पाल्पा र गुल्मी जिल्लाका व्यवसायिक वाख्रा फार्म संचालक कृषकहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन ( अन्तीम दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट ) सम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु | न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाख्रा मिसन कार्यक्रम | | अधिकतम | | |
| क | व्यवसायिक बाख्रा फार्म सुदृढीकरण | १०० वटा फार्म | रु.२,००,०००। — प्रति बाख्रा फार्म | फार्ममा कम्तीमा २५ गोटा माउ वाख्रा, ५ रोपनी क्षेत्रफलमा घांस खेती गरेको । | पाल्पा ५० र गुल्मी ५० फार्म |

**कार्यक्रम संचालनको लागि संभाव्य क्षेत्रहरु : पाल्पा – निस्दी ,पूर्वखोला, रम्भा, माथागढी, तिनाउ, वगनासकाली, रिव्दीकोट, रैनादेवी छहरा गा.पा.हरु र रामपुर, तानसेन न.पा.हरु ।**

**गुल्मी : मदाने ,मालिका ,धुर्कोट, इश्मा,चन्द्रकोट, सत्यवती, कालीगण्डकी, गुल्मी दरवार, छत्रकोट, रुरु क्षेत्र गा.पा.हरु र मुसीकोट, रेसुङ्गा न.पा.हरु ।**

**प्रस्ताव पेश गर्नका लागि आवश्यक जानकारी तथा प्रस्तावका साथ पेश गर्नु पर्ने विवरण तथा कागजातहरु** :क.संचालकले अनुदानको लागि **अनुसूचि ३ अनुसार निवेदन , अनुसूचि ५ अनुसार प्रस्तावनाको व्यवसायिक विस्तृत कार्ययोजना र अनुसूचि ६ अनुसारका संलग्न कागजातहरु** पेश गर्नु पर्ने छ ।

**प्रस्ताव पेश गर्ने स्थान :भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ,पाल्पा र सम्पर्क केन्द्र गुल्मी । थप जानकारीको लागि फोनं. ०७५५२०१४५, ९८५७०६०८३६ ,०७९५२०२२७, ९८६७१४९१५२, ९८४७०५७५९८ वा वेभ साइड :- www.vethospalpa.gov.np**

प्रमुख